जनकपुर टुडेको सम्पर्क नं.
९८५४०२६०२५,
९८०१६२६०२६,
०४१-५२७४९१
विज्ञापनको लागि मात्र
jtodaynews@gmail.com

छिटो र सर्वाधिक बिक्री हुने
मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक

# जनकपुर टुडे

Janakpur Today Daily
www.ejanakpurtoday.com

जनकपुर टुडेको APP डाउनलोड गर्नका लागि QR Scan गर्नुहोस्

वर्ष २८ • अंक ४० • २०८३ साल आषाढ १५ गते सोमबार (29 June, Monday, 2026) • पृष्ठ ४ • मूल्य रु. ५।-

## लागुऔषध अफिमसहित तीनजना पक्राउ

**टुडे समाचारदाता**

रौतहट। लागुऔषध अफिमसहित एकजना भारतीयसहित तीनजना पक्राउ परेका छन्।

नेपाल-भारत सीमा नाका क्षेत्रमा २ किलो अफिमसहित बारा जिल्लाको लंगडा चोकका ४० वर्षीय दिनेश राम र सोही स्थानका ४१ वर्षीय सोना लाल पासवानलाई पक्राउ गरिएको छ।

एसएसबीको कोरैया क्याम्प ७१ बटालियन मोतिहारी र महुआवा प्रहरीको संयुक्त टोलीले भारतको पूर्वी चम्पारणस्थित सीमा स्तम्भ नम्बर ३८१ नजिक संयुक्त टोलीले नेपालबाट भारततर्फ तस्करी हुँदै गरेको अवस्थामा २ किलो (प्याकिङसहित) अफिमजस्तो देखिने पदार्थ र एउटा हिरो होन्डा मोटरसाइकलसहित दुई नेपाली नागरिकलाई नियन्त्रणमा लिएको एसएसबि मुख्यालय पिपराकोठी का सहायक कमान्डेन्ट बिश्वजित तिवारीले जानकारी दिए।

प्रारम्भिक अनुसन्धानका क्रममा उक्त तस्करीमा भारतको बिहार राज्य, पूर्वी चम्पारण जिल्ला, जितना थाना क्षेत्रअन्तर्गत भवनीपुर गाउँका ४० वर्षीय लालबाबु सिंहको समेत संलग्नता खुलेपछि उनलाई पनि प्रहरीले पक्राउ गरेको जनाएको छ।

बरामद अफिम, मोटरसाइकल तथा पक्राउ परेका तीनै जनालाई आवश्यक कानुनी कारबाहीका लागि महुआवा प्रहरीको जिम्मा लगाइएको एसएसबीका प्रवक्ता बिनित कुमार सिंहले बताए।

### मार्बल कम्पनीको नाम र ट्रेडमार्क चोरी

# जानकी प्लास्टिक उद्योगमा नक्कली पाइप, प्रमाण मेटाउन सइ सक्रिय

**टुडे समाचारदाता**

लहान । धनुषा जिल्लाको लक्ष्मीनिया गाउँपालिकामा अवस्थित जानकी प्लास्टिक कम्पनीले प्रतिष्ठित मार्बल कम्पनीको नाम र ट्रेड मार्क प्रयोग गरी नक्कली बोरवेल(प्लास्टिकको पाइप) उत्पादन गरी बिक्री गरिरहेको खुलेको छ।




तीन वर्ष बढी समयदेखि जानकी प्लास्टिक उद्योगले मार्बल कम्पनीको लोगो र नाम राखेर पाइप बिक्री गर्दै आइरहेको छ। विभिन्न हार्डवेयर व्यवसायी मार्फत उनले मार्बल कम्पनीको नाममा नक्कली पाइप बिक्री गर्दै आएको छ।

सिरहा जिल्लाको गोलबजार नगरपालिकाको वडा नम्बर ४ स्थित नेहाल आइरन स्टोरबाट भारी परिमाणमा मार्वलको नक्कली लोगो र नाम उल्लेख गरिएको प्लास्टिकको पाइप प्रहरीले बरामद गरेको छ । जिल्ला प्रहरी कार्यालयबाट खटेको विशेष प्रहरी टोलीले नेहाल आइरन स्टोरमा छापामा मारेर भारी परिमाणमा बोरवेल पाइप बरामद गरेको छ।

जिल्ला प्रहरी कार्यालय सिरहाका सूचना अधिकारी समेत रहेका डीएसपी रमेश बहादुर पालले शनिबार नेहाल आइरन स्टोरबाट बोरवेल(पाइप)बरामद भएको पुष्टि गरेका छन्।

'नेहाल आइरनबाट विभिन्न आकारका बोरवेल पाइप बरामद गरिएको छ ' उनले भने, आइरन स्टोर सञ्चालक साबिर खानलाई समेत नियन्त्रणमा लिएको छ। पाइप उत्पादन गर्ने उद्योग लगायत बिक्री वितरण गर्ने बिक्रेताहरुको खोजी र अनुसन्धान भइरहेको उनले जनाएका छन्।

'घटनाको अनुसन्धान भइरहेको छ' डीएसपी पालले भने, पक्राउ परेका व्यवसायीसित सोधपुछ भइरहेको र हालसम्म एकजनालाई मात्र नियन्त्रणमा लिएको छ । झण्डै दश जनालाई अनुसन्धानको दायरामा राखिएको बताइएको छ।

जानकी प्लास्टिक उद्योगले मार्बल कम्पनीको नाम र लोगो अंकित गरी पाइप उपलब्ध गराएको व्यवसायीहरुले बताइरहेका छन्।

इलाका प्रहरी कार्यालय गोलबजारबाट खटिएको टोलीले सिरहा नगरपालिकाको वडा नम्बर २० स्थित लकडीगोठ बस्ने ४५ वर्षीय महम्मद साबिर खानले सञ्चालन गरेको नेहाल आइरन स्टोरमा खानतलासी गरेको थियो।

खानतलासीका क्रममा १ सय १४ एमएम, १ सय १० एमएम र ९० एमएम साइजका गरी ६ सय ३२ थान बोरवेल पाइप बरामद गरिएको डीएसपी पालले जनाएका छन्। प्रहरीका अनुसार ती पाइपमा मार्बल कम्पनीको नाम र लोगो प्रयोग गरिएको थियो। कम्पनीका आधिकारिक प्रतिनिधिले प्रारम्भिक परीक्षणका क्रममा ती पाइप कम्पनीका आधिकारिक उत्पादन नभएको आधिकारिक धारणा सार्वजनिक गरेको छ।

प्रहरीका अनुसार प्रारम्भिक अनुसन्धानका क्रममा स्टोर सञ्चालक महम्मद साबिर खानले मार्बल कम्पनीको नाम र लोगो प्रयोग गरिएका पाइप बिक्री भएको स्वीकार गरेका छन्। त्यसपछि उनलाई नियन्त्रणमा लिइ थप अनुसन्धान अघि बढाइएको डीएसपी पालले जनाएका छन्।

उपभोक्तालाई ठगी गरेको तथा ट्रेडमार्क उल्लंघन सम्बन्धी कसुरमा आवश्यक कानुनी प्रक्रिया अघि बढाइएको उनले बताएका छन्।

मार्बल टेक्नो प्लास्टका मार्केटिङ म्यानेजर सुदीप न्यौपानेले नेहाल आइरन स्टोरले करिब तीन वर्षदेखि कम्पनीको नाम र ब्रान्डिङ दुरुपयोग गर्दै आफ्ना उत्पादनको नाममा पाइप बिक्री गर्दै आएको आरोप लगाएका छन्।

बजार अनुगमनका क्रममा मधेश प्रदेशमा उपभोक्ताले आफूहरूले मार्बल ब्रान्डकै पाइप प्रयोग गरिरहेको बताएपछि कम्पनीले आफ्नो बिक्री अभिलेखसंग तुलना गरेको थियो। त्यस क्रममा उक्त क्षेत्रमा कम्पनीबाट कुनै आधिकारिक आपूर्ति नभएको देखिएपछि थप अनुसन्धान गरिएको र कम्पनीकै नाम तथा लोगो प्रयोग गरिएका पाइप बिक्री भइरहेको फेला परेको न्यौपानेले दाबी गरेका छन्।

यसअघि पनि सम्बन्धित व्यवसायीलाई यस्तो गतिविधि नगर्न मौखिक रूपमा सचेत गराइएको बताउँदै उनले भने, तर पुनः उही कार्य दोहोरिएको पाइएपछि कानुन अनुसार कारबाही प्रक्रिया अघि बढाइएको छ। नक्कली ब्राण्डिङ प्रयोग गरिएका उत्पादनको कारोबारले कम्पनीको प्रतिष्ठा, उपभोक्ताको विश्वास तथा सुरक्षामा समेत असर पुग्ने उनको भनाइ छ।

प्रहरी हिरासतमा रहेका नेहाल आइरन स्टोरका सञ्चालक खानले उक्त पाइप जानकी प्लास्टिक कम्पनी, जनकपुरबाट खरिद गरेको दाबी गरेको छ।

प्रहरीले शनिबार साँझ जानकी प्लास्टिक इण्डस्ट्रिजमा छापा मारेको थियो। तर प्रहरीले छापा मारेको औपचारिकता मात्र पूरा गरेको बताइएको छ। उद्योग परिसरमा रहेको मार्बल ब्राण्डका सबै पाइपहरुलाई राती नै अन्यत्र सारिएको छ। प्रहरीको संरक्षणमा नै नक्कली समान अन्यत्र सार्न ठूलो रकमको चलखेल भएको बताइएको छ। यसमा स्थानीय केही व्यवसायी र प्रतिनिधिले सक्रिय भूमिका निर्वाह गरेको बताइएको छ। जानकी चौकीका इञ्चार्ज रहेका सइ जितेन्द्र प्रसाद चौधरीले जनाए अनुसार जानकी पाइप इण्डस्ट्रिजमा रहेका सामानहरुलाई यथास्थितिमा राख्न र कुनै सामान बाहिर नलग्न जानकारी गराउन माथिबाट मात्र आदेश आएको थियो।

प्रहरीले आइतबार दिउँसो पनि कारखानामा तलासी गरेको बताइएको छ । कम्पनीकी सञ्चालिका अनिता अग्रवाल स-परिवार फरार भएका छन्। उनीहरु शनिबारदेखि नै सम्पर्क बाहिर रहेको बताइएको छ। अनिताको नाममा नेपालमा पर्याप्त जग्गा जमिन, उद्योग धन्धा, व्यवसायहरु छ।

# मधेश प्रदेशमा धान रोपाइँको चटारो, वर्षाले किसान उत्साहित

**टुडे समाचारदाता**

जनकपुरधाम। विगत वर्षको तुलनामा यसपटक मधेश प्रदेशमा किसानहरु हर्षित भएका छन् । विगतको तुलनामा यसवर्ष समयमै पानी परेकाले धान रोपाइँका लागि किसानहरु हर्षित छन्।



यससंगै मधेश प्रदेशका अधिकांश जिल्लामा धान रोपाइँले तीव्रता पाएको छ। विगतका वर्षमा वर्षा अभावका कारण ढिलो रोपाइँ गर्न बाध्य भएका किसान यस वर्ष असारको सुरुआतदेखि नै खेतमा व्यस्त छन् । समयमै पर्याप्त पानी परेकाले उत्पादन वृद्धि हुने अपेक्षा गरिएको छ।

धनुषाको धनुषाधाम नगरपालिका-४ का किसान श्याम यादवले यस वर्ष तीन बिघा जग्गामा धान रोपिसकेको र केही दिनमै सम्पूर्ण रोपाइँ सकिने बताए। उनका अनुसार अघिल्ला वर्षमा साउन-भदौतिर मात्र पर्याप्त वर्षा हुँदा समयमै रोपाइँ गर्न कठिन भएको थियो।

त्यस्तै, शहीदनगर नगरपालिका-६ का किसान रामकिसुन साहले पनि अघिल्ला वर्षहरूमा वर्षाको अभावका कारण केही खेत बाँझै राख्नुपरेको स्मरण गर्दै यस वर्ष असारको दोस्रो सातासम्म अधिकांश खेतमा धान रोपिसकेको जानकारी दिए।

लामो समयसम्म पर्याप्त वर्षा नहुँदा रोपाइँ प्रभावित भए पनि पछिल्ला दिनमा निरन्तर पानी परेपछि किसान खेतमा व्यस्त छन् । कतै ब्याड निकालिँदै छ त कतै धान रोप्ने काम भइरहेको छ। असार लागेसँगै मधेश प्रदेशमा धमाधम रोपाइँ भइरहेका छन्।

लामो खडेरीपछि लगातार वर्षा हुन थालेसँगै खेत तयारी, ब्याड उखेल्ने र रोपाइँको काम एकैपटक भइरहेको छ । धनुषा, महोत्तरी, सिरहा, सप्तरी, सर्लाही, रौतहट, बारा र पर्सालगायत जिल्लाका किसानले रोपाइँमा व्यस्त छन्। मधेश प्रदेशको भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयका अनुसार असार दोस्रो सातासम्ममा मधेश प्रदेशमा कुल क्षेत्रफलको ४ दशमलव ३६ प्रतिशत हेक्टर क्षेत्रफलमा धान रोपाइँ भएको छ।

सबैभन्दा बढी महोत्तरीमा ८ दशमलव १७ प्रतिशत हेक्टर क्षेत्रफलमा धान रोपाइँ भएको छ भने सबैभन्दा कम पर्सा र रौतहटमा शून्य प्रतिशत धान रोपाइँ भएको मन्त्रालयले जनाएको छ । जिल्लागत हिसाबले महोत्तरीमा ४० हजार हेक्टर खेतीयोग्ग जग्गामध्ये तीन हजार २६६ हेक्टरमा धान रोपाइँ भएको मन्त्रालयका सूचना अधिकारी अजय ज्ञवालीले जानकारी दिए।

सप्तरीमा ६८ हजार हेक्टर खेतीयोग्य जग्गामध्ये तीन हजार ४०० हेक्टर, बारामा ४५ हजार १०० हेक्टर खेतीयोग्य जग्गामध्ये तीन हजार २५० हेक्टर, धनुषामा ४३ हजार ७०० हेक्टर खेतीयोग्य जग्गामध्ये तीन हजार ५९ हेक्टर, सिरहामा ५४ हजार हेक्टर खेतीयोग्य जग्गामध्ये दुई हजार ७०० हेक्टर र सर्लाहीमा ४२ हजार ६९५ हेक्टर खेतीयोग्य जग्गामध्ये एक हजार ३६ हेक्टर क्षेत्रफलमा धान रोपाइँ भएको सूचना अधिकारी ज्ञवालीले बताए।

कृषि प्राविधिकका अनुसार असार महिनाभित्र धान रोपाइँ सम्पन्न गर्न सके उत्पादनमा सकारात्मक प्रभाव पर्ने अपेक्षा गरिएको छ । पर्याप्त चिस्यान भएपछि खेत तयारी, बीउ उखेल्ने र रोपाइँको काम एकै साथ भइरहेको छ । यसवर्ष किसानले उन्नत जातका धानका बीउ प्रयोगसँगै रासायनिक तथा प्राङ्गारिक मलको उचित व्यवस्थापनमा ध्यान दिएका छन्। यद्यपि केही स्थानमा मलको उपलब्धता र सिँचाइ पूर्वाधार अझै चुनौतीका रूपमा रहेको धनुषाका किसान रामउद्गार महतो बताउँछन्।


धान नेपालको प्रमुख खाद्यान्न बालीमध्ये एक हो। मधेश प्रदेश देशकै प्रमुख धान उत्पादन क्षेत्र भएकाले यहाँको उत्पादनले राष्ट्रिय खाद्य सुरक्षामा महत्वपूर्ण योगदान पुर्‍याउने गरेको छ। समयमै पर्याप्त वर्षा भई रोपाइँ सम्पन्न भए उत्पादन वृद्धि हुने अपेक्षा गरिएको छ। यसैबीच किसान धमाधम रोपाइँमा व्यस्त हुँदा मधेश प्रदेश सरकारले प्रदेशका स्थानीय तहलाई वर्षे धानबालीलाई लक्षित बफर रासायनिक मलको बाँडफाँट गरेको छ।

भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयको अनुसार रासायनिक मल युरिया र डिएपी कृषि सामग्री कम्पनी र साल्ट ट्रेडिङलाई वितरणका लागि स्थानीय तहअनुसार बाँडफाँट गरेको हो । प्रदेशको आठवटै जिल्लाको १३६ वटै स्थानीय तहका लागि सात हजार ३२८ मेट्रिकटन युरिया र छ हजार ६१० मेट्रिकटन डिएपी मल बाँडफाँड गरिएको मन्त्रालयका सूचना अधिकारी ज्ञवालीले बताए।

भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयले जनाए अनुसार सप्तरीको स्थानीय तहका लागि ९७५ मेट्रिकटन युरिया र एक हजार ३५ मेट्रिकटन डिएपी, सिरहाका लागि एक हजार ७२ मेट्रिकटन युरिया र एक हजार १३७ मेट्रिकटन डिएपी, धनुषाका लागि ९२६ मेट्रिकटन युरिया र ७७८ मेट्रिकटन डिएपी, महोत्तरीका लागि ८८० मेट्रिकटन युरिया र ७४० मेट्रिक टन डिएपी छुट्टयाएको छ।

त्यस्तै सर्लाहीका लागि एक हजार ९३ मेट्रिकटन युरिया र ९१९ मेट्रिकटन डिएपी, रौतहटका लागि ८७५ मेट्रिकटन युरिया र ७३६ मेट्रिकटन डिएपी, बाराका लागि ८१९ मेट्रिकटन युरिया र ६८९ मेट्रिक टन डिएपी र पर्साका लागि ६८७ मेट्रिक टन युरिया र ५७८ मेट्रिकटन डिएपी बाँडफाँट गरिएको मन्त्रालयले जनाएको छ।





अन्यत्र गरेको पापबाट जनकपुरधाममा मुक्ति पाउन सकिन्छ।
जनकपुरधाममा गरेको पापबाट मुक्ति पाउने स्थान अन्यत्र छैन॥

## सम्पादकीय

# मल उपलब्ध गराउ

नेपालको अझै अन्न भण्डार रहेको मधेशमा धान रोपाइँ शुरु भएको छ। वर्षा समय समयमा भइरहेकोले किसानहरु रोपाइँ समयमै प्रारम्भ गरेको छ। बीउ तयार भइसकेकोले धान रोपाइँमा किसानहरु जुटेका छन्। तर धान रोपाइँ गर्न सहज भने छैन। खेतिहर मजदुरको चरम अभाव छ। उपकरणहरुको अभाव छ। गोरुले जोतेर धान रोप्ने अब कथा बनिसकेको छ। ट्रेक्टर महँगो रहेकोले सबै किसानहरु खरिद गर्न सकेका छैन। खेत जोताइ गर्न भाडामा पनि समयमै ट्रेक्टर उपलब्ध हुँदैन। सिचाइँको समस्या पनि बिकराल नै छ। मलको पनि व्यापक अभाव छ। किसानले कालोबजारबाट मल खरिद गर्नु परिरहेको छ। सीमावर्ती क्षेत्रका किसानहरुले भारतीय बजारबाट नक्कली मल खरिद गर्न बाध्य छन्। नेपालमा रसायनिक मल उत्पादन हुँदैन। किसानले सोझै विदेशबाट मल मगाउने प्रावधान छैन। सरकारले विभिन्न देशबाट मल खरिद गरेर किसानलाई बिक्री गर्दै आएको छ। सरकारले खरिद गरेको मल पनि समयमा आउँदैन। कहिलेकाहीँ मल भेटे पनि त्यसको मूल्य चर्को हुन्छ। सरकारले किसानलाई समयमै मल उपलब्ध गराउनु पर्छ। किसानलाई कृषि सामग्री संस्थान र साल्ट ट्रेडिंग मार्फत सरकारले उपलब्ध गराउने बताएको छ। तर किसानले मल पाइरहेको छैन। किसानलाई समयमै पर्याप्त मात्रामा मल उपलब्ध भए उत्पादनमा वृद्धि हुन सक्छ। किसानलाई अझै सरकारले प्राथमिकतामा राखेको छैन। किसानलाई राज्यले उच्च सम्मान दिनुपर्छ। तर किसानलाई सरकारले हेपेको छ। अन्नदाताको सम्मान नगर्ने सरकारले देशलाई अन्नमा आत्मनिर्भर बनाउन सक्दैन। सरकारले कृषि क्षेत्रमा उत्पादन बढाउन किसानलाई सहयोग नै गरेको छैन। विगतमा पनि किसान उपेक्षित थिए। अहिले पनि स्थितिमा कुनै सुधार आएको छैन। किसानको चर्चा हरेक बजेट र कार्यक्रममा हुने गर्छ। तर कृषि कहिलै प्राथमिकतामा पर्दैन। कृषिमा सरकारले ध्यान दिने हो भने देशमा बेरोजगारीको समस्या धेरै हदसम्म समाधान हुन सक्छ। रोजगारीका लागि विदेशिने युवा जनशक्तिलाई रोक्न सरकारले कृषिमा जोड दिने चुनावमा घोषणा गरेको थियो। तर अहिलेसम्म कृषिमा सुधार भएको देखिदैन। किसानलाई सरकारले सिचाइँ, मल, बीउलगायतको सुविधा उपलब्ध गराउनु पर्छ। मलका लागि हाहाकार भइरहेको छ। विगतमा पनि किसान उपेक्षित भएको थियो। अहिले पनि अवस्था उस्तै छ। कुनै बेला नेपालमा धान चामल निर्यात कम्पनी थियो। भारत लगायतका मुलुकमा नेपालले धान, चामल निर्यात गर्थ्यो। तर पछि त्यही कम्पनी खाद्य संस्थानको रुपमा परिणत भएर धान, चामल अयात गर्न थालेको छ। सरकारले कृषिमा लगानी बढाएर धान, चामल निर्यात गर्ने व्यापक सम्भावना छ।

# सिमा विवाद दुवैतिर छ



● श्रीमन नारायण

प्रधानमन्त्री बालेन्द्र शाहले प्रतिनिधिसभाको बैठकमा उठेका प्रश्नहरुको जवाफ दिने क्रममा नेपाल र भारतबीच सिमाना विवाद रहेको स्वीकार गर्दै केवल भारतले मात्रै नेपालको भूभाग नमिचेको भई नेपालले पनि केही ठाउँमा भारतको जग्गा मिचेको जवाफ दिएपछि अहिले नेपालको राजनीति तात्तिएको छ। गत साता परराष्ट्रमन्त्री शिशिर खनालले चीनसँग पनि सिमा विवाद रहेको जवाफ संसदमा दिए। नेपालले अरु नयाँ ढंगले सीमाको विषयलाई आफना दुवै छिमेकीहरु समक्ष कुटनीतिक माध्यमले र विश्वासको वातावरणमा उठाउनु पर्ने देखिन्छ। सदनमा सांसदहरुको प्रश्नको जवाफ दिने क्रममा परराष्ट्रमन्त्री खनालले केही ठाउँहरुमा चीनको सीमामा सीमा विवादहरु छ, विवादै नभएको होईन तर उत्तरी नाकामा एक्टिभिटी कम छ भन्ने अभिव्यक्ति दिएका छन्। हाम्रा दुवै छिमेकीहरुसँग रहेको सीमा विवादको समीक्षा हुनु आवश्यक छ।

नेपाल र भारतको १८०० किलोमिटर लामो सिमाना रहेको छ। बैज्ञानिक प्रविधि मार्फत सीमाको नाप जाँच भई सीमाङ्कन र सीमा स्तम्भ गाडने काम समेत भईसकेको छ। ९८ प्रतिशत सीमाङ्कन र सीमा स्तम्भ गाडने काम दुवै देशका सीमा विभागका बरिष्ठ अधिकारी र विज्ञहरुको उपस्थितिमा भईसकेको छ। नदी कटान र नदीले आफनो बहावको दिशा परिवर्तन गरेपछि केही ठाउँमा (२ प्रतिशत) सीमा स्तम्भ गाडने काम बाँकी रहेको छ। परराष्ट्रमन्त्री शिशिर खनालले सदनमा दिएको जवाफमा नेपाल र भारतबीच सीमा स्तम्भ पुननिर्माण, क्रसबोर्डर अकुपेसन लगायतका विषयमा छलफल भईरहेको र लामो समयदेखि रोकिएको प्रकृया सुचारु भएको तथा दुवै देशका प्राविधिकहरु सक्रिय रुपमा सीमा क्षेत्रमा कामलाई अगाडी बढाईरहेको प्रष्ट पारेका छन्।

भारतसँगको विवाद-नेपालमा सिमाना विवादको विषयलाई लिएर चर्चा गर्ने पत्रकार, बुद्धिजीवी, राजनैतिक दल र केही स्वतन्त्र विज्ञहरु पनि यस विषयमा परराष्ट्र मन्त्रालय र नेपालको भूमिसुधार सम्बन्धी मन्त्रालयमा सम्पर्क गरी तथ्य र तर्कसहित चर्चा गर्नुपर्नेमा मध्य युगिन राष्ट्रवादको परिभाषावाट ग्रसित देखिन्छन्। निर्धन र संकिर्ण राष्ट्रवादले मुलुकको भलो गर्न सक्दैन। हामीले राष्ट्रवादको परिभाषालाई परिस्कृत बनाउनुपर्छ। सन् २०२० मा तात्कालिन सरकारले चुच्चे नक्सा जारी गरेपछि सिमाना विवादको विषय नेपालका राजनीतिक दलहरुको अनिवार्य प्राथमिकतामा पर्न गएको छ। नेपालको संविधान २०७२ र त्यसभन्दा अघिसम्म नेपालको नक्सा चुच्चे किसिमको थिएन। नेपालले चुच्चे नक्सा जारी गर्न लाग्दाका वखत तात्कालिन राजा महेन्द्रद्धारा गठित सरकारका गृहमन्त्री विश्वबन्धु थापाको अन्तरवार्ता, इमेज टिभी च्यानल मार्फत प्रसारित भएको थियो। उक्त अन्तर्वातामा उनले भारत र चीनबीच सन् १९६२ को युद्ध हुँदा कालापानी क्षेत्र भारतको निम्ति निकै संवेदनशील र महत्वपूर्ण थियो, तसर्थ भारतीय सेना त्यहाँ आएर बसे। भौगोलिक विकटताका कारण नेपाल र भारत कसैलाई पनि यकिन थिएन कि यो भूभाग कसको हो ? युद्ध सकिए पछि भारतलाई थाहा भयो कि त्यो भूभाग नेपालको हो। भारतका प्रधानमन्त्री पण्डित जवाहरलाल नेहरुले भारतका लागि तात्कालिन नेपाली राजदुत सरदार यदुनाथ खनाल मार्फत राजा महेन्द्रलाई कालापानी क्षेत्र आफनो निम्ति महत्वपूर्ण र संवेदनशील भएको भन्दै सहयोगका लागि आग्रह गरे। निकै विचार विमर्श पश्चात त्यस क्षेत्रमा भारतीय सेनालाई बस्न दिईयो। विश्वबन्धु थापाले के पनि भनेका थिए कि भन्ने दुई देशको सम्बन्धमा धेरै आयामहरु हुन्छन्। कुनै एउटै विषयमा केन्द्रित रहेर विदेश नीतिको सन्चालन हुन सक्दैन। कहिलेकाही केही लिने दिने पनि हुन्छन् सबै कुरा सार्वजनिक गर्न सकिदैन। लिपुलेक र लिम्पियाधुराको बारेमा उनले भनेका थिए कि तथ्य प्रमाण नक्साको आधारमा जग्गा धनीले त्यसको उपभोग गर्न पाउनुपर्छ। नेपाल र भारतबीच दशगजा क्षेत्रमा देखिएको सीमा विवादमा कुनै पनि देशको सरकार अथवा सरकारी अधिकारीको हात हुँदैन, ऐलानी, पर्ति र सरकारी जग्गा कब्जा गर्ने बानी नै किसानहरुको हुने गर्दछ।

चीनसँगको सिमाना विवाद-नेपाल र उत्तरी छिमेकी चीनबीच १४०० किलोमिटर सिमाना रहेको छ। यी दुई देशबीच केही ठाउँमा गम्भीर प्रकृतिका सीमा विवाद रहेका छन्। खासगरि चीनसित सिमाना जोडिएका सोलुखुम्बु, संखुवासभा, सिन्धुपाल्चोक, दोलखा, रसुवा, गोरखा, दार्चुला र हुम्लामा पनि सीमा विवाद रहेको आशयका समाचारहरु समय समयमा प्रकाशित हुँदै आएका छन्। नेपाल र चीनबीच कतिपय ठाउँमा देखिएका सीमा सम्बन्धी विवादको समाधानका लागि दुवै देशबीच यस विषयमा वार्ता हुनु आवश्यक थियो, सन् २००६ मा रोकिएको संयुक्त सीमा तत्काल शुरु हुनुपर्ने पक्षमा नेपाल रही आएको छ। संयुक्त विज्ञ समूहको पछिल्लो बैठक सन् २००६ मा काठमाण्डौंमा भएको थियो। बैठकले नेपाल-चीन सीमाको संयुक्त निरीक्षण विवाद समाधान र दुवै पक्षले हस्ताक्षर गर्ने चौथो प्रोटोकललाई अन्तिम रुप दिने व्यवस्था गरेको छ। १८ वर्ष पछि चीनको बेइजिंगमा नेपाल र चीनबीच सीमाका विषयमा भएको संयुक्त विज्ञ समुहको बैठकमा नेपालले राखेको प्रस्तावमा चिनियाँ पक्षले सहमति नजनाएपछि बैठक निष्कर्ष विहिन टुङ्गिएको थियो। वार्तामा चिनिया पक्षले "हामीलाई सो विषयमा विचार गर्न समय लाग्ने भएकाले सहमत हुन सक्दैनौ" जवाफ दिएको थियो। सन् २०१२ को फेब्रुअरीमा चीनको सिमानामा हुने भनिएको बैठक अघि नै चिनियाँ पक्षले दोलखाको ५७ नम्वर मार्कर सारेको र सगरमाथाको उचाई कम भएको तथा टुप्पो चीनतिर भएको कुरा आएपछि तत्कालिन प्रधानमन्त्री डा.बाबुराम भट्टराई सरकारले गृहकार्य नपुगेको भन्दै समूहको बैठक रोकिएको थियो।





सन् १९६१ मा भएको नेपाल-चीन सीमा सन्धिको आधारमा सन् १९६३ मा दुई देशबीच सीमा प्रोटोकलमा हस्ताक्षर भएको थियो। नेपाल र चीनले सन् १९७९ र १९८८ मा सीमा सम्झौता नवीकरण गरी दुई मुलुक बीचको प्रोटोकल नवीकरण गर्न तेश्रो पटक २००६ मा नेपाल-चीन संयुक्त सीमा समिति बनाइएको थियो। चिनियाँ पक्षले सीमा व्यवस्थापन सम्झौताका प्रतिलिपी पठाएको छ, जसलाई नेपालमा अध्ययन गर्ने काम भईरहेको छ। सो सम्झौताको प्रतिलिपीमा सीमा व्यवस्थापन प्रणाली लागु नभएपनि नेपाल र चीनबीच सीमा सम्बन्धी संयुक्त आयोग र नेतृत्वमा सीमा सम्बन्धी प्रतिनिधिको समिति गठन गरी दुईवटा प्यानल बनाउने परिकल्पना गरिएको छ। नेपालले यसलाई अनुमोदन गरेको छैन।

५ अक्टोबर १९६१ मा बेईजिंगमा नेपाल-चीन सीमा सम्बन्धी बैठक भएको थियो। सो सन्धिको दफा ४ मा सन्धिपत्र गर्ने दुवै पक्षले दुई मुलुकबीचमा सिमानाको औपचारिक रेखांकन पश्चात सीमा सम्बन्धमा उत्पन्न हुने कुनै पनि विवाद दुवै पक्षद्धारा मैत्रीपूर्ण छलफलवाट समाधान गरिने उल्लेख छ। नेपाल-चीन सीमा विवादमुक्त रहेको दावी गर्ने केही व्यक्ति र समुह नेपालमा सक्रिय छन्। चीनद्धारा अतिक्रमण, गैरकानूनी निर्माण, सीमा स्तम्भ हराएका घटना सीमा मार्करको मरम्मत सम्भार नहुने लगायत सीमा सम्बन्धि समस्या समय समयमा देखिएका छन्। भौगोलिक विकटता भएको, जनघनत्व कम भएको र मिडियाको पनि त्यहाँ खासै उपस्थिति नभएका कारण त्यस क्षेत्रका समाचार त्यति बढी सार्वजनिक भई रहेका हुँदैनन्।

चीनका सर्वाधिक सम्मानित नेता र पूर्व राष्ट्रपति माओत्सेतुङले तिब्बतलाई आफनो नियन्त्रणमा लिएपछि एक पटक भनेका थिए कि "तिब्बत हातको हत्केला हो जबकी नेपाल भुटान, सिक्किम, अरुणाचल प्रदेश र लेह लद्याख त्यसका पाँच औला हुन। तात्पर्य यो कि उपरोक्त पाँच भू-क्षेत्र विना चीनको सीमा अधुरो छ। विश्वका २७ वटा देशहरुसित चीनको सीमा जोडिएको छ, सबैसित उसको विवाद छ। चीनले आफनो भाषामा ठाउँहरुको नाम लेख्ने, आफनै अनुकुल नक्सा बनाउने र वार्ताका टेबुलमा यो त मेरो भूभाग हो भन्ने दावी गर्ने गर्दछ।

केही वर्ष अघि सिन्धुपाल्चोक जिल्लामा भोटेकोशी खोलाको किनार नजिकै चीनले पक्की पिलर भएको समाचार चर्चामा थियो। कर्णालीका पूर्व मुख्यमन्त्री जीवन बहादुर शाहीले हुम्ला जिल्लाको केही ठाउँमा चिनियाँ पक्षद्धारा सीमा अतिक्रमण गरिएको तथा त्यहाँ अस्थायी संरचना निर्माण पनि गरिएका आरोप लगाएका थिए। गोरखाको केही ठाउँमा चिनियाँ पक्षधारा सीमा अतिक्रमण गरिएको र अस्थायी संरचना निर्माण गरिएको विषय चर्चामा आएको थियो। संखुवासभा र दोलखामा पनि यस्ता खाले घटना भएको समाचारहरु मिडिया मार्फत सार्वजनिक भएका थिए।

२०६३ सालको पुष-माघ महिनातिर अन्तरिम व्यवस्थापिका संसदको कृषि तथा सहकारी समितिको बैठकमा नेपाली काँग्रेसका सांसद रामजीवन सिंहको प्रश्नको जवाफमा तात्कालिक परराष्ट्रमन्त्री सहाना प्रधानले चीनसित सिमाना विवाद रहेको तथा चिनियाँहरुले हिमाल आरोहण गराई पैसा कमाई रहेको तर नेपाललाई एक सुको पनि नदिएको बताएका थिईन। राष्ट्रिय मानव अधिकार आयोगको २०७२-७६ को प्रतिवेदनमा पनि पश्चिमी र सुदुरपश्चिमी नेपाली सिमावर्ती जिल्लाका केही भूभाग उत्तरी छिमेकी चीनको कब्जामा रहेका तथा यथास्थानमा नरहेको उल्लेख छ। चीनद्धारा अतिक्रमित ९९ रोपनी नेपाली भूभाग फर्काउन कुटनीतिक पहल गर्न आयोगले सरकारलाई निर्देशन पनि दिई सकेको छ।

नेपालका प्रसिद्ध उपन्यासकार डायमन शम्शेरको जीवनीमा आधारित "सेकेण्ड लेफ्टिनेन्ट देखि नख्खु जेल सम पुस्तक" पुस्तकको पृष्ठ २४० मा डायमन शम्शेरले "राजा महेन्द्रले पंचायत टिकाउन चीनलाई नेपालको कालाखाड पर्वत सहित चार लाख हेक्टर नेपाली भूभाग चीनलाई सुम्पिदिएको भनेका छन्। अक्सफोर्ड प्रकाशनद्धारा प्रकाशित उक्त पुस्तकका लेखक हेमाङराज गिरी हुन। नेपाली काँग्रेसका नेता पूर्व मन्त्री स्वर्गिय खुम बहादुर थापाले पनि कालापानीको मुद्दा उठाउने बामपन्थीहरुलाई सगरमाथाको मुद्या उठाउन चुनौति दिएका थिए। नेपाल सरकारका पूर्व अधिकारी (उपसचिव) दमनराज तुलाधारले आफनो पुस्तक "दमन राज तुलाधार" को पृष्ठ २७६ मा नेपाल सरकारको आदेशमा २०१९ सालतिर सीमा स्तम्भ खडा गर्ने कामको लागि सुदुरपश्चिममा जाँदा मानसरोवरवाट नुहाएर बाहिर निस्कदा चिनियाँहरुले आफुलाई नियन्त्रणमा लिएको तथा नाप जाँच गर्न नदिएको उल्लेख गरेका छन्। उत्तरी छिमेकी चीनसित पनि सिमाना विवाद छन्। हाम्रो सरकार, देशका बुद्धिजीवी र राजनीतिज्ञहरु यसबारे केही बोल्न चाहन्न्। सीमा विवाद भए पनि त्यसको समाधान शान्तिपूर्ण तरिकाले र कुटनीतिक वार्ताको माध्यमवाट मात्रै सम्भव छ। भारत र चीनजस्ता दुई विशाल छिमेकी राष्ट्रको बीचमा अवस्थित नेपालले आर्थिक विकासमा बढी ध्यान केन्द्रित गर्नुपर्छ। अहिले सिमाना विवादमा झल्कि रहनु आवश्यक छैन। दुवै छिमेकीले सीमा विवादलाई स्वीकार गरेको छैन। तर उपरोक्त विषयमा वार्ता नै हुन सक्दैन भनेको छैन।

# डिजिटल युगमा राजनीतिक महाधिवेशन : नेतृत्व चयनभन्दा संस्थागत रूपान्तरण महत्वपूर्ण



ई. सत्यनारायण साह

नेपालले डिजिटल नेपालको अवधारणा अघि सारेको धेरै वर्ष भइसकेको छ। बैंकिङ सेवा, कर प्रणाली, राष्ट्रिय परिचयपत्र, नागरिक एप, विद्युतीय खरिद प्रणाली ( ), अनलाइन शिक्षा, टेलिमेडिसिन र सरकारी सेवाहरू क्रमशः डिजिटल हुँदै गएका छन्। निजी क्षेत्रले पनि सूचना प्रविधिलाई संस्थागत व्यवस्थापनको आधार बनाइसकेको छ। तर विडम्बना, लोकतन्त्रका आधारस्तम्भ मानिने राजनीतिक दलहरूको आन्तरिक व्यवस्थापन भने अझै पनि परम्परागत प्रक्रियामा अल्झिएको देखिन्छ।

हालै सम्पन्न भएको राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) को महाधिवेशनले यही प्रश्नलाई पुनः उजागर गरेको छ। युवा नेतृत्व, नयाँ सोच र प्रविधिमैत्री राजनीतिक संस्कृतिको प्रतिनिधित्व गर्ने अपेक्षा गरिएको दलको महाधिवेशनमा निर्वाचन प्रक्रिया ढिलो हुनु, व्यवस्थापनमा समन्वयको कमी देखिनु, प्रतिनिधिहरू लामो समयसम्म प्रतीक्षा गर्न बाध्य हुनु तथा निर्वाचन प्रक्रियाप्रति असन्तुष्टि व्यक्त हुनु जस्ता घटनाले एउटा गम्भीर बहस जन्माएको छ।





यो आलोचना कुनै एक दलप्रति लक्षित होइन। बरु नेपालका अधिकांश राजनीतिक दलहरूका लागि समान रूपमा लागू हुने विषय हो। प्रश्न एउटै हो–जब देश डिजिटल रूपान्तरणको दिशामा अघि बढिरहेको छ, तब राजनीतिक दलहरू आफैं किन डिजिटल रूपान्तरणको नेतृत्व गर्न सकिरहेका छैनन्?

हामीले डिजिटल प्रणालीलाई अझै पनि कम्प्युटर प्रयोगसँग मात्र जोड्ने प्रवृत्ति देखिन्छ। तर वास्तविक डिजिटल रूपान्तरण भनेको कम्प्युटर किन्ने वा सफ्टवेयर प्रयोग गर्ने होइन; सम्पूर्ण कार्यप्रवाह (Business Process Re–engineering) लाई पुनः डिजाइन गरेर सूचना प्रविधिमैत्री बनाउनु हो। पुरानै प्रक्रियालाई कम्प्युटरमा सारेर मात्र दक्षता प्राप्त हुँदैन।

राजनीतिक दलहरूको महाधिवेशनमा यही कमजोरी देखिन्छ। प्रतिनिधि दर्तादेखि परिचयपत्र वितरण, उम्मेदवारी दर्ता, उम्मेदवारको विवरण, मतदाता प्रमाणीकरण, मतदान, मतगणना र परिणाम प्रकाशनसम्मका अधिकांश प्रक्रिया अझै पनि पूर्ण-म्यानुअल अथवा अर्ध-म्यानुअल ढाँचामा सञ्चालन भइरहेका छन्। यसले समय, श्रम र आर्थिक स्रोतको अनावश्यक खर्च मात्र बढाउँदैन, व्यवस्थापनप्रति अविश्वास पनि सिर्जना गर्छ।

आजको प्रविधिले भने फरक सम्भावना दिएको छ। प्रतिनिधिको अनुहार (Face Recognition), औँठाछाप (Fingerprint) वा बहु-तह प्रमाणीकरण (Multi–factor Authentication) मार्फत सुरक्षित पहिचान गर्न सकिन्छ। प्रत्येक प्रतिनिधिलाई त्तच ऋयमभ सहितको डिजिटल परिचयपत्र उपलब्ध गराउन सकिन्छ। यही पहिचानका आधारमा सुरक्षित रूपमा लगइन गरी मतदान गर्न सकिने व्यवस्था गर्न सकिन्छ। मतदानका लागि दुई वा तीन दिनको समय खुला राखे प्रतिनिधिहरूले आफ्नो सुविधा अनुसार घर, जिल्ला वा विदेशबाट समेत मतदान गर्न सक्छन्। स्वचालित मतगणनाले केही मिनेटमै विश्वसनीय परिणाम दिन सक्छ।

यसरी निर्वाचनलाई डिजिटल बनाएपछि महाधिवेशनको अधिकांश समय नीति निर्माण, संगठन सुधार, विधान संशोधन, विचार-विमर्श, प्रशिक्षण र भावी कार्यदिशामाथि केन्द्रित गर्न सकिन्छ। आखिर महाधिवेशनको मूल उद्देश्य नेतृत्व चयन मात्र होइन; संस्थाको वैचारिक र संगठनात्मक भविष्य निर्धारण गर्नु हो।

अझ महत्वपूर्ण कुरा के हो भने यस्तो प्रणाली केवल निर्वाचनका लागि मात्र होइन। यही डिजिटल प्लेटफर्म सदस्यता व्यवस्थापन, शुल्क भुक्तानी, प्रतिनिधि छनोट, दस्तावेज व्यवस्थापन, बैठक सञ्चालन, प्रस्ताव दर्ता, निर्णय कार्यान्वयन, अभिलेखीकरण तथा भविष्यका सबै संगठनात्मक गतिविधिको साझा डिजिटल पूर्वाधार बन्न सक्छ। यसले संस्थागत स्मृति (Institutional Memory) निर्माण गर्छ, पारदर्शिता बढाउँछ र नेतृत्व परिवर्तन भए पनि प्रणालीलाई निरन्तरता दिन मद्दत गर्छ।

नेपाल सरकारले सार्वजनिक खरिद प्रणाली, राजस्व प्रशासन, कम्पनी दर्ता, बैंकिङ, सामाजिक सुरक्षा र अन्य धेरै क्षेत्रमा डिजिटल प्रणाली सफलतापूर्वक लागू गरिसकेको छ। त्यसैले राजनीतिक दलहरूले पनि अब आफ्ना संगठनलाई डिजिटल रूपान्तरण गर्ने साहसिक निर्णय लिनुपर्छ। लोकतन्त्रको नेतृत्व गर्ने संस्थाहरू आफैं आधुनिक व्यवस्थापनबाट सञ्चालित भए मात्र राज्य संयन्त्रमा पनि त्यसको सकारात्मक प्रभाव देखिन्छ।

विशेषगरी नयाँ पुस्ताको प्रतिनिधित्व गर्ने दाबी गर्ने दलहरूका लागि यो अझ ठूलो अवसर हो। परिवर्तनको नाराभन्दा परिवर्तनको अभ्यास बढी प्रभावकारी हुन्छ। यदि आफ्नै संगठनमा प्रविधिको सफल प्रयोग गर्न सकिएन भने डिजिटल शासनका प्रतिबद्धताले जनविश्वास आर्जन गर्न कठिन हुन्छ।

अब महाधिवेशनको सफलता प्रतिनिधिको संख्याले होइन, व्यवस्थापनको गुणस्तरले मापन गरिनुपर्छ। प्रतिनिधि घण्टौँ लाइनमा उभिने होइन, घण्टौँ नीति बहसमा सहभागी हुने वातावरण बन्नुपर्छ। निर्वाचन विवादको विषय होइन, केही क्लिकमै सम्पन्न हुने नियमित लोकतान्त्रिक प्रक्रिया बन्नुपर्छ।

देशलाई डिजिटल बनाउने अभियान राजनीतिक दलहरूबाटै सुरु हुनुपर्छ। आफ्नो संगठनलाई डिजिटल बनाउन नसक्ने नेतृत्वले सम्पूर्ण देशलाई डिजिटल रूपान्तरण गर्ने दाबी गर्दा त्यसको विश्वसनीयता स्वतः कमजोर हुन्छ।

सूचना प्रविधि अब विलासिता होइन, सुशासनको आधार हो। त्यसैले अबको राजनीतिक संस्कृतिले "स्मार्ट संगठन, स्मार्ट महाधिवेशन र स्मार्ट लोकतन्त्र" को नयाँ अध्याय सुरु गर्नुपर्छ। यही नै समयको माग हो।

# हर्जाना ५ प्रतिशत मात्र लिन पाउने




**टुडे समाचारदाता**

जनकपुरधाम । ऋणी सदस्यलाई हर्जाना लगाउँदा असुल हुन बाँकी ब्याजको ५ प्रतिशतसम्म मात्र बचत तथा ऋणको कारोबार गर्ने सहकारी संस्थाले लिन पाउने भएका छन् ।

सरकारले सहकारी ऐन २०७४ संशोधनका लागि संघीय संसदको प्रतिनिधि सभामा दर्ता विधेयमा हर्जानाको सीमा ५ प्रतिशत भन्दा बढी नहुनेगरी तोकेको हो ।

विधेयक अनुसार ऐनके दफा ५० मा ब्याजदर गणना गर्दा सन्दर्भ ब्याजदर लागु भएकोमा सोही अनुसार र सन्दर्भ ब्याजदर लागु हुनुभन्दा अगाडिको हकमा लिखतमा उल्लिखित ब्याज दरलाई आधार मानी असुली गर्ने व्यवस्था छ । साथै हर्जाना रकम असुल हुन बाँकी ब्याज रकमको पाँच प्रतिशत भन्दा बढी लिन नपाइने विधेयकमा उल्लेख छ ।

त्यसैगरी सहकारी संघले बचत तथा ऋणको कारोबार गर्न सक्ने छैनन् । बचत तथा ऋणको कारोबार गरिरहेका सहकारी संघले यो उपदफा प्रारम्भ भएको मितिले तीन वर्षभित्र उक्त कारोबार बन्द गर्नुपर्ने विधेयकमा उल्लेख छ ।

विधेयकमा सहकारी संस्थाले १५ प्रतिशत भन्दा धैरै लाभांश वितरण गर्न नपाउने उल्लेख छ । सेयर पूँजीको पन्ध्र प्रतिशतभन्दा बढी लाभांश वितरण गर्न पाउने/नपाउने विषयमा यस्तो समेटिएको छ। यसभन्दा अघि सहकारी संस्थाले अधिकतम १८ प्रतिशतसम्म लाभांश वितरण गर्न सक्ने व्यवस्था थियो ।

राष्ट्रिय सहकारी नियमन प्राधिकरणले सहकारी संस्था समस्याग्रस्त घोषणा गर्न सिफारिस गर्नुअघि सञ्चालक तथा व्यवस्थापकको सम्पत्ति रोक्का राख्ने तथा आवश्यक कारबाहीका लागि प्रहरीमा सिफारिस गर्ने व्यवस्था समेत विधेयकमा उल्लेख छ ।

समस्याग्रस्त घोषणाको सिफारिस गर्नुअघि रजिष्ट्रार वा प्राधिकरणले सम्बन्धित सहकारी संस्थाका सञ्चालक, ऋणी सदस्य, व्यवस्थापक, जिम्मेवार कर्मचारी, लेखा सुपरीवेक्षण समितिका सदस्यहरू, ऋण उपसमिति लगायतका जिम्मेवार व्यक्तिहरूको चल अचल सम्पत्ति रोक्का राख्न सक्ने व्यवस्था विधेयकमा छ । विधेयकले परिवारको परिभाषालाई बढाएको छ । विधेयक अनुसार परिवारको परिभाषामा 'नातेदार' भन्नाले काका, काकी, भतिजा, भतिजी, नाति, नातिनी, नातिनी बुहारी, मामा, माइजू, भिनाजु, ज्वाईं, भान्जा, भान्जी, साला, साली, जेठान, जेठानी, फुपू, फुपाजु, नातिनी ज्वाईं, भिन्न भएका सासु, ससुरा, दाजु, भाइ, भाउजू, भाइ बुहारी र निजका एकाघर सदस्य सम्झनु पर्छ र सो शब्दले आफू सदस्य रहेको सहकारी संस्थामा काम गर्ने कर्मचारीलाई समेत जनाउँछ ।'

# तलब माग्दै कर्मचारी आन्दोलनमा



**टुडे समाचारदाता**

वीरगञ्ज । वीरगन्ज महानगरपालिकाका सरसफाइ कर्मचारीहरूले तलब र सेवा सुबिधाको माग गर्दै प्रदर्शन गरेका छन् ।

प्रदर्शनको क्रममा सफाइ कर्मचारीहरूले वीरगन्ज महानगरीयको कार्यालयको मुख्य प्रवेशद्वार, घण्टा घरलगायत शहरका विभिन्न स्थानमा फोहोर थुपारेर विरोध प्रदर्शन गरेका थिए ।

मुख्य चोकहरूमा फोहोर थुपारेर विरोध प्रदर्शन गर्दा केही समयका लागि आवागमन समेत प्रभावित भएको थियो । उनीहरुको विरोध प्रदर्शनपछि महानगरको सरसफाइ व्यवस्थापनसमेत प्रभावित बनेको छ । आन्दोलनरत कर्मचारीहरूले दैनिक ज्याला कम्तिमा एक हजार रुपैयाँ तथा मासिक पारिश्रमिक ३० हजार रुपैयाँ कायम गर्नुपर्ने माग गरेका छन्। ठेकेदारमार्फत प्रति महिना ६ हजारदेखि ९ हजार मात्रै पाउने गरेको उनीहरुको आरोप थियो। हाल प्राप्त पारिश्रमिकले दैनिक जीवनयापन गर्न कठिन भएको उनीहरूको भनाइ छ ।

उनीहरूले प्रत्येक महिनाको १० गतेभित्र अनिवार्य रूपमा तलब भुक्तानी गर्नुपर्ने, श्रम ऐनअनुसार सातामा एक दिन साप्ताहिक बिदा सुनिश्चित गर्नुपर्ने तथा छठ र होलीजस्ता प्रमुख सांस्कृतिक पर्वमा विशेष बिदाको व्यवस्था गर्नुपर्ने माग पनि अघि सारेका छन् ।

सफाई कर्मचारीहरुको वीरगन्जको मुख्य स्थानहरुमा फोहोर फालेर बिरोध गरे पछि प्रहरीले उनीहरुलाई रोक्न खोजेको थियो ।

# लोकतन्त्र सिध्याउन भदौ २३ र २४ को प्रतिगामी षडयन्त्र




**टुडे समाचारदाता**

काठमाण्डू । लोकतन्त्रलाई सिध्याउने गरी २३ र२४ भदौमा प्रतिगामी षडयन्त्र भएको नेकपा एमालेका अध्यक्ष एवं पूर्वप्रधानमन्त्री केपी शर्मा ओलीले आरोप लगाएका छन् ।

आइतबार काठमाडौंको राष्ट्रिय सभागृहमा मदन भण्डारी फाउन्डेसनले आयोजना गरेको कार्यक्रमलाई सम्बोधन गर्दै खनालले यस्तो बताएका हुन् ।

अहिले नेपालको वामपन्थी आन्दोलनलाई मात्रै होइन लोकतन्त्रलाई नै टार्गेट गरेर त्यसलाई नै सिध्याउने गरी २३ र २४ भदौको प्रतिगामी षडयन्त्र भएको उनले भने । वैधानिक सरकारलाई अवैध ढंगले विस्थापन गरिएको भन्दै ओलीले २३ र २४ भदौको आन्दोलन लोकतान्त्रिक हुनै नसक्ने बताए ।

सरकार बनाउने, अपदस्थ गर्ने, फेर्ने सबै कार्य संसद्ले गर्ने भन्दै अध्यक्ष ओलीले वैधानिक संसद बलजफती भंग गरिएको बताए ।

उनले भने, 'अहिले नेपालको वामपन्थी आन्दोलनलाई मात्रै होइन लोकतन्त्रलाई टार्गेट गरेर त्यसलाई नै सिध्याउने गरी २३ र २४ भदौको प्रतिगामी षडयन्त्र भयो । त्यो षडयन्त्रले वैधानिक सरकारलाई अवैध ढंगले विस्थापन गऱ्यो । यो लोकतन्त्र हुनै सक्दैन ।

लोकतान्त्रिक आन्दोलन हुनै सक्दैन । लोकतान्त्रिक सरकारलाई त्यसरी विस्थापित गर्न पाइँदैन । सरकार बनाउने, अपदस्थ गर्ने, फेर्ने सबै संसद्ले गर्ने हो । तर बलजफ्ती भंग गरियो । वैधानिक सरकार ढालेर अवैधानिक सरकार गठन गर्न पाइँदैन ।'

# आर्थिक संकटले कोशीका ४४ एफएम बन्द

**टुडे समाचारदाता**

विराटनगर । कोशी प्रदेशका ४४ वटा एफएम रेडियो स्टेशन आर्थिक संकटका कारण बन्द भएका छन् । नेपाल पत्रकार महासंघ कोशी प्रदेशले आयोजना गरेको मिडिया सम्मेलनमा प्रस्तुत कार्यक्रममा १२९ वटा रेडियोमध्ये ४४ वटा बन्द भएको जनाइएको छ ।



नेपाल पत्रकार महासंघका पूर्वकेन्द्रीय सदस्य मोहन काजीले १६ वटा सामुदायिक रेडियोसहित ४४ वटा बन्द भएको बताए ।

उनले कार्यक्रममा आर्थिक अस्थिरता र बजार अभावका कारण रेडियोसहितका सञ्चारमाध्यम बन्द हुन थालेको सम्मेलनमा प्रस्तुत गरेको कार्यपत्रमा उल्लेख गरे ।

उनले यहाँका सञ्चारमाध्यमलाई प्रोत्साहन गर्न कोशी प्रदेश सरकारले आदिवासी, जनजाति र लोपोन्मुख समुदायले मातृभाषामा सञ्चालन गरेका मिडियालाई विशेष सहयोगको नीति तथा कार्यक्रम र बजेटको व्यवस्था गर्न आवश्यक देखिएको बताए ।

प्रदेशको पत्रकारिता क्षेत्रमा अभूतपूर्व अवसर र गम्भीर चुनौतीको दोबाटोमा उभिएको हुँदा पेसागत असुरक्षा र प्रविधिगत चुनौतीहरूलाई सही नीति र तत्परताका साथ सम्बोधन गर्न सकिए मात्र मोफसलको पत्रकारिता अझ सशक्त र आत्मनिर्भर बन्नसक्ने उनले भने। विश्वसनीयता र स्वतन्त्रतालाई कायम राख्दै आधुनिक डिजिटल प्रविधिसँग अनुकूलन हुनसके कोशी प्रदेशको पत्रकारिता क्षेत्र मुलुककै लागि एक अनुकरणीय र उदाहरणीय नमुना बन्नसक्ने उनले बताए । कोशी प्रदेशमा नियमित प्रकाशित पत्रपत्रिका ९६ वटा रहेका छन् । जसमा दैनिक १७ वटा, साप्ताहिक ७३ वटा, मासिक चार वटा, द्वैमासिक एक र त्रैमासिक एक रहेका छन् ।

इलेक्ट्रोनिक मिडियाअन्तर्गत टेलिभिजन सात वटा, एफएम रेडियो कूल दर्ता भएका १२९ वटामध्ये ८५ वटा सञ्चालनमा रहेको काजीले प्रस्तुत गरेको प्रतिवेदनमा उल्लेख छ । स्थानीय तहमा दर्ता रहेको एउटै मात्र एफएम रेडियो आठराई हो । प्रदेशमा अनलाइन सञ्चारमाध्यम ३९७ वटा रहेका छन् ।

# नुहाउने क्रममा नदीमा दुई बालकको मृत्यु

**टुडे समाचारदाता**

रौतहट । रौतहटको पूर्वी क्षेत्रस्थित गढीमाई नगरपालिका-१ को बागमती नदीमा नुहाउने क्रममा आइतबार दुई बालकको डुबेर मृत्यु भएको छ ।

जिल्ला प्रहरी कार्यालय रौतहटका अनुसार समनपुर-हरैया घाटमा दिउँसो करिब ३:२० बजे नुहाइरहेका स्थानीय भन्टु राय यादवका ८ वर्षीय छोरा अनिकेश यादव नदीमा



डुबेका थिए। खोजीका क्रममा उनको शव फेला परेको थियो । सोही घटनामा स्थानीय सुरेश यादवका ८ वर्षीय छोरा आदित्य यादव पनि नदीमा बेपत्ता भएका थिए ।

खबर प्राप्त हुनासाथ इलाका प्रहरी कार्यालय समनपुरबाट प्रहरी सहायक निरीक्षक (सई) मुना पासवानको नेतृत्वमा पाँच सदस्यीय प्रहरी टोली घटनास्थलमा पुगेर खोज तथा उद्धार अभियान सञ्चालन गरेको थियो ।

खोजी अभियानकै क्रममा अपराह्न ३:५४ बजे घटनास्थलबाट करिब ५० मिटर दक्षिणतर्फ बागमती नदीमै आदित्यको शव फेला परेको इलाका प्रहरी कार्यालय गरुडाले जनाएको छ ।

दुवै बालकको शव आवश्यक मुचुल्का तथा पोस्टमार्टमका लागि पठाउने तयारी भइरहेको प्रहरीले जनाएको छ । घटनाबारे थप अनुसन्धान तथा कानुनी प्रक्रिया अघि बढाइएको जिल्ला प्रहरी कार्यालय रौतहटले जनाएको छ ।

# चरेस सहित दुईजना पक्राउ



**टुडे समाचारदाता**

धनगढी । दुई किलो चरेससहित कैलालीबाट दुई जनालाई पक्राउ परेका छन् । गोदावरी नगरपालिका-१ अत्तरियास्थित एक होटलबाट डडेल्धुराको भागेश्वर गाउँपालिका-३ का ४५ वर्षीय शंकरकुमार शाही र कञ्चनपुरको कृष्णपुर नगरपालिका-४ का ५२ वर्षीय मिनराज भट्ट पक्राउ परेको जिल्ला प्रहरी कार्यालयका प्रवक्ता प्रहरी नायब उपरीक्षक योगेन्द्र तिमिल्सिनाले बताए ।

उनका अनुसार शाही गोदावरी र भट्ट धनगढीमा डेरा गरि बस्दै आएका थिए । उनीहरुको साथबाट दुई किलो २०५ ग्राम चरेस बरामद गरिएको जनाइएको छ ।

इलाका प्रहरी कार्यालय मालाखेती र लागुऔषध नियन्त्रण ब्युरो महेन्द्रनगरको संयुक्त टोलीले दिउँसो साढे १ बजेतिर ममता सेकुवा सेन्टरमा लागुऔषधको कारोबार भइरहेको भन्ने गोप्य सूचनाका आधारमा अप्रेसन गरेको थियो । उनीहरुलाई नियन्त्रणमा राखेर थप अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ ।

# कोशी प्रदेशलाई निको कप महिला टि-ट्वान्टी राष्ट्रिय क्रिकेट प्रतियोगिताको उपाधि



जनकपुरधाम । मधेश प्रदेशमा जारी निको कप महिला टि-ट्वान्टी राष्ट्रिय क्रिकेट प्रतियोगिताको उपाधि कोशी प्रदेशले हात पारेको छ ।

पर्साको वीरगञ्जस्थित टिवी शाह क्रिकेट ग्राउण्डमा आइतबार सम्पन्न फाइनलमा नेपाल एपीएफ क्लबलाई ११ रनले पराजित गर्दै कोशी प्रदेशले उपाधि हात पारेको हो । टस जितेर एपिएफ क्लबले फिल्डिङ रोजेपछि ब्याटिङको निम्तो पाएको कोशी प्रदेशले निर्धारित २० ओभरमा चार विकेट गुमाएर ९८ रनको योगफल खडा गरेको थियो । कोशीका लागि कोशीका काजल श्रेष्ठले अविजित ३८ रन, प्रिन्सा राना मगरले अविजित १६ रन, कप्तान रुवीना क्षेत्रीले १२ रन र लकिता राजवंशीले १० रनको योगदान दिइन् ।

एपिएफका सुमन विष्ट, सवनम राई, कविता जोशी र कप्तान सीता रानामगरले एक/एक विकेट हात पारे। ९९ रनको विजयी लक्ष्य लिई मैदान उत्रेको एपिएफ क्लब १९ दशमलव ५ ओभरमा सबै विकेट गुमाएर ८७ रन मात्र जोड्न सक्यो। एपिएफ क्लबका कविता जोशीले १४ तथा रेवती धामीले १२ रन बनाउनुबाहेक अन्य कुनै पनि ब्याटरले दोहोरो अङ्क जोड्न सकेनन् ।

फाइनल खेलको म्यान अफ द म्याच कोशी प्रदेशका काजल श्रेष्ठ घोषित भइन् । श्रेष्ठ प्रतियोगिताको प्लेयर अफ द सिरिज घोषित हुँदा बागमती प्रदेशका कृष्णा गुरुङ बेस्ट बलर र बागमती प्रदेशकै सोनी पाखिन वेष्ट ब्याटर घोषित भएका छन् ।

मधेश प्रदेश सरकारको खेलकुद तथा समाज कल्याण मन्त्रालय, मधेस खेलकुद परिषद् तथा नेपाल खेलकुद महासंघको संयोजना सम्पन्न प्रतियोगितामा सात वटा प्रदेश र विभागीय टिम एपिएफ टिम गरी आठ टिमको सहभागिता थियो। रासस


**FPAN नेपाल परिवार नियोजन संघ**
**धनुषा शाखा, जनकपुरधाम**

**शाखा सभा तथा निर्वाचन सम्बन्धि सूचना**

नेपाल परिवार नियोजन संघ, धनुषा शाखाको ४६औं शाखा सभा तथा निर्वाचन यहि मिति २०८३।०३।३० गते विहानको ८:३० बजे शाखा कार्यालयमा हुने भएकोले सम्पूर्ण आजीवन तथा साधारण सदस्यज्यूहरूको उपस्थितीको लागि अनुरोध गरिन्छ। साथै संघको विधान अनुरूप सभापति र कोषाध्यक्ष पदको निर्वाचनमा उम्मेदवार हुने प्रयोजनका लागि यस अघि नै मिति २०८३।०३।१० मा सूचना टाँस भए अनुसार मिति २०८३।०३।१७ गते सम्म शाखा समितिमा निवेदन गर्नका लागि सम्पूर्ण आजीवन तथा साधारण सदस्यज्यूहरूको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

- विस्तृत जानकारीका लागि शाखा कार्यालयमा सम्पर्क गर्न हुन् समेत अनुरोध छ ।

**प्रेम कुमार यादव**
सभापति
ने.प.नि.संघ, धनुषा शाखा



**श्री धनुष जनता (प्रा. तथा व्या. शिक्षा) मा. वि.**
**धनुषाधाम नगरपालिका, धनुषा**

**शिक्षक तथा कर्मचारी भर्ना सम्बन्धी संशोधित सूचना**

**प्रथम पटक प्रकाशित सूचना मिति : २०८३/०१/२४**
**संशोधित सूचना प्रकाशित मिति : २०८३/०२/०२**
**पुन:प्रकाशित मिति: २०८३/०३/१५**

उपरोक्त विषयमा यस विद्यालयको माथि उल्लेखित प्रकाशित भएको सूचनामा क्र.सं. ३, विज्ञापन नं. ३/०८२/०८३ हुनु पर्नेमा अन्यथा हुन गएकोले सच्याइएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।



**कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना**

ओमकार बिल्डर्स काठमाण्डौंको कम्पनी रजिस्ट्रारको कार्यालयको मिति २०८३/०३/०१ गते निर्णयानुसार ओमकार बिल्डर्सको नाम सेवा इन्फ्रास्ट्रक्चर नाम परिवर्तन भएको हुदाँ साविकको कम्पनीको नामबाट श्रृज्ना भएको वा साविकको कम्पनीको नाममा रहेको चल/अचल सम्पत्ति तथा तिर्न व्यहोर्ने कर दायित्व आदि सम्पूर्ण परिवर्तित नामको कम्पनीले सकार्ने व्यहोर्ने भएकोले सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**सेवा इन्फ्रास्ट्रक्चर**
**काठमाण्डौं महानगरपालिका – १०, काठमाण्डौं**
**सम्पर्क नं. ९८५१०१०८८५**



**अनुसूची(२०)**
**मु.दे.का. नि. २०७५. नियम ५७ को खण्ड (ञ) सँग सम्बन्धित**

**श्री सर्लाही जिल्ला अदालतबाट प्रकाशित भएको लिलामी सुचना**

**विगो नं.३२** **फाँट:– "ख"**

**सूचना! सूचना!! सूचना!!!**

**सूचना प्रकाशित मिती:– २०८३/३/१५**

बादी जिल्ला सर्लाही, हरिपुर न.पा. वडा नं. ६ बस्ने स्व. अजिज मियाँ मंसुरको छोरा जमिरुदिन मंसुर र प्रतिवादी देश भारत हैदराबाद १-११-२५६१c१२४, plot नं.२४ गगन बिहार कोलोनी बेक्सपेत हैदराबाद ५०००१६, AP हाल जिल्ला सर्लाही हरिपुर नगरपालिका वडा नं. ६ स्थित Vishwa–BVSR –JV समेत भएको करार बमोजिमको दायित्व पुरा गराई भाडा समेतको रकम दिलाई पाउँ मुद्दामा यस अदालतबाट मिति २०८०/०२/२३ गतेमा भएको अन्तिम फैसला बमोजिम प्रतिवादीबाट भराई पाउने ठहरेको विगो रकम रु.४३.९७,४१६/३१/- प्रतिवादीबाट भराई पाउँ भनी वादीको दरखास्त परी कारवाही हुँदा प्रतिवादीले वादीलाई बुझाउनु पर्ने फैसलानुसारको रुपैंया दाखिला गर्न नल्याएकोले मिति २०८३/०३/३१ गते सम्ममा पाईने जम्मा विगो रु.४३,९७,४१६/३१/- प्रतिवादीको तपसिलमा लेखिएको सम्पत्ति लिलाम गरी बादीको उक्त विगो भराउनु परेकोले यो लिलामी सूचना प्रकाशित गरिएको छ। लिलाम सकार गर्न इच्छुक नेपाली नागरिकले उक्त मिति २०८३/०३/३१ गतेको दिन र सो दिन विदा परे सोको भोलीपल्ट १० बजे यस सर्लाही जिल्ला अदालतमा उपस्थित भई डाँक बोली लिलाम सकार गर्नु होला । जसले कायम भएको न्यूनतम पंचकृर्ते मुल्यबाट बोलकबोल हुँदा बढि अङ्क बोल्दछ, उसैको नाउँमा लिलाम सकार गराईनेछ । डाँक लिलामको बखत बोलकबोल गरेको अंकको १० प्रतिशतले हुन आउने रकम सोही दिन दाखिला गर्नु पर्नेछ। बाँकी बोलकबोल रकमको डाँक लिलाम भएको मितिले सात दिनभित्र दाखिला गर्नु पर्नेछ। त्यसरी सात दिनभित्र बाँकी रकम दाखिला नगरे डाँक लिलाम भएको दिन दाखिला भएको १० प्रतिशत रकम जफत गरी पुनः डाँक लिलामको सूचना प्रकाशन गरिनेछ। सकार गरेको सम्पत्तिको चलन पूर्जी दिई चलन समेत चलाई दिइनेछ। पछि थाहा पाएका भनी कुनै कुराको उजुर बाजुर लाग्ने छैन ।

**लिलाम हुने सम्पतीको विवरण**

| क सं. | सवारीको संकेत नं. | सवारीको विवरण | मुल्यांकन रकम |
|---|---|---|---|
| 1. | CG-13D/8207 S.L.N.08NHBO1-5885 | कम्पनी भल्भो, १२ चक्का टिपर थान १, chesis no. YV2JSGOG8A8892169 engine no. 230791 | रु. ३,७५०००। |
| 2. | CG-13D/8205 SI NO. 09NHB01-5892 | कम्पनी भल्भो, १२ चक्का टिपर थान १, chesis no. yv2JSGOG4A8892170 engine no.230796 | रु. ३,२५०००। |
| 3. | CG-13D/8218 S L N. 09NHBOL-5894 | कम्पनी भल्भो, १२ चक्का टिपर थान १, chesis no. yv2JSGOGXA8892173 engine no.230746 | रु. ३,५० ०००। |
| 4. | CG-13D/8217 SI NO. 09NHBOL-5894 | कम्पनी भल्भो, १२ चक्का टिपर थान १, chesis no. yv2JSGOG1A8882174 engine no.230753 | रु. ४,०० ०००। |
| 5. | GJW12BE/0037 | कम्पनी ASIAN MOTOR WORKS १० चक्का टिपर थान १, chesis no. MBYB24900BJA21282 engine no.84021209 | रु. ३, १५०००। |
| 6. | GJW12BE/0042 | कम्पनी ASIAN MOTOR WORKS १० चक्का टिपर थान १, chesis no. MBYB24900BJA21279 engine no.84021287 | रु. ३, ०००००। |
| 7. | GJW12BE/0040 | कम्पनी ASIAN MOTOR WORKS १० चक्का टिपर थान १, chesis no. MBYB24900BJA21285 engine no.NA | रु. ३,५० ०००। |
| 8. | GJW12BE/0039 | कम्पनी ASIAN MOTOR WORKS १० चक्का टिपर थान १, chesis no. MBYB24900BJA21275 engine no.84021508 | रु. ४,०००००। |
| 9. | AMW MBYB24900BJA21283 | कम्पनी ASIAN MOTOR WORKS १० चक्का टिपर थान १, chesis no. MBYB24900BJA21283 engine no.62729008 | रु. ३, ०० ०००। |
| 10. | CASE450/2012 | कम्पनी CASE 450 पिचर रोलर (सानो) थान १ chesis no. S12D0445 engine no.V4A12LT12029 | रु. ३,५० ०००। |
| 11. | JREAVES, BW212/2012 | कम्पनी GREAVES, पिच रोलर, थान १ chesis no. 223400821959 engine no.06.3504/1200026 | रु. ४,०००००। |

# संघीयता कार्यान्वयनको अवस्था बारे अन्तरक्रिया



**टुडे समाचारदाता**

जनकपुरधाम । संघीयता कार्यान्वयनको अवस्था, तहगत समन्वय तथा राष्ट्रिय सरोकारका विषयमा अन्तरक्रिया एवं स्थलगत अनुगमन जनकपुरधाममा सम्पन्न भएको छ।

संघीय संसद राष्ट्रिय सभा अन्तर्गतको संघीयता सबलीकरण तथा राष्ट्रिय सरोकार समितिद्वारा आइतबार आयोजित सो कार्यक्रममा संघ, प्रदेश र स्थानीय तहबीचको समन्वय, वित्तीय तथा प्रशासनिक संघीयताको प्रभावकारी कार्यान्वयन, आवश्यक कानुन निर्माण, स्रोत व्यवस्थापन, आयोजना कार्यान्वयन, राष्ट्रिय सम्पदाको संरक्षण तथा समन्यायिक विकास लगायतका विविध पक्षमा छलफल गरिएको छ।

कार्यक्रमलाई सम्बोधन गर्दै समितिकी सभापति रोशनी मेचेले संघीय व्यवस्थामाथि भइरहेका टिप्पणी र प्रहारप्रति गम्भीर चिन्ता व्यक्त गर्दै संघीयतामाथिको कुनै पनि प्रकारको आक्रमण स्वीकार्य नहुने बताइन् । उनले संघीय शासन प्रणालीलाई थप प्रभावकारी र जनमुखी बनाउँदै यसको सफल कार्यान्वयनमा सबै पक्ष जिम्मेवार बन्नुपर्ने आवश्यकता रहेकोमा जोड दिएका थिए।

सभापति मेचेले पछिल्लो समय सामाजिक न्यायको अवस्था कमजोर बन्दै गएको उल्लेख गर्दै लैंगिक हिंसा, श्रम शोषण तथा विभेदजन्य गतिविधिले सभ्य समाज निर्माणमा चुनौती थपिरहेको बताइन् । यस्ता विकृतिको अन्त्यका लागि राज्यका सबै तह र सरोकारवाला निकायबीच प्रभावकारी सहकार्य आवश्यक रहेको उनको भनाइ थियो।

अन्तरक्रियामा जनकपुरधाम उपमहानगरपालिकाका मेयर मनोजकुमार साहले स्थानीय तहले संघीयताको मर्मअनुसार सेवा प्रवाह र विकास निर्माणलाई अघि बढाइरहेको उल्लेख गर्दै संघ र प्रदेशसँगको समन्वय अझ प्रभावकारी हुनुपर्ने धारणा राखे।

कार्यक्रममा समितिका सदस्य मनरुपा शर्मा, धर्मेन्द्र पासमान, उपप्रमुख किशोरी साह, वडाध्यक्षहरू, कार्यपालिका सदस्य, प्रमुख प्रशासकीय अधिकृत, विभिन्न सरकारी कार्यालयका प्रमुख, सुरक्षा निकायका प्रतिनिधि तथा अन्य सरोकारवाला निकायका पदाधिकारीहरूको सहभागिता रहेको थियो।

समितिले अन्तरक्रिया तथा स्थलगत अनुगमनबाट संघीयता कार्यान्वयनमा देखिएका चुनौती, कानुनी तथा प्रशासनिक सुधारका आवश्यकता र तहगत समन्वयलाई थप प्रभावकारी बनाउने विषयमा सुझाव संकलन गरेको छ।

# सामुदायिक सरह निजी विद्यालयका शिक्षकलाई तलब दिन निर्देशन

**टुडे समाचारदाता**

बारा । बाराको जीतपुरसिमरा उपमहानगरपालिकाले आफ्नो नगरभित्र सञ्चालित निजी विद्यालयहरूमा कार्यरत शिक्षक तथा कर्मचारीहरूलाई सामुदायिक विद्यालयका शिक्षक सरह तलब भत्तासहितको सेवा सुविधा दिन निर्देशन दिएका छन् ।

उपमहानगरपालिकाले नगरभित्रका सबै निजी विद्यालयहरूलाई पत्र काट्दै नेपाल सरकारले तोकेको न्यूनतम सेवा-सुविधा र तलब अनिवार्य रूपमा उपलब्ध गराउन निर्देशन दिएको हो।

विभिन्न निजी विद्यालयहरूमा कार्यरत शिक्षक तथा कर्मचारीहरूले कानुन अनुसार पाउनुपर्ने न्यूनतम पारिश्रमिक र सुविधा समेत नपाएको भन्दै स्थानीय सरकारसमक्ष गुनासो र उजुरी दर्ता गराएपछि उपमहानगरपालिकाले यस्तो निर्देशन जारी गरेको हो।

उपमहानगरपालिकाका उपसचिव (दसौं) शिवजी प्रसादद्वारा हस्ताक्षरित आधिकारिक निर्देशन पत्रमा प्रचलित शिक्षा ऐन र नियमको पूर्ण पालना गर्न सचेत गराइएको छ। शिक्षा ऐन २०२८ को दफा १२ को उपदफा (७) को (छ) मा संस्थागत विद्यालयका शिक्षकहरूलाई नेपाल सरकारले तोकेको सुरु तलब स्केलमा नघटाई पारिश्रमिक दिनुपर्ने स्पष्ट व्यवस्था रहेको जनाएको छ।

यसका साथै 'संस्थागत विद्यालय मापदण्ड तथा सञ्चालन निर्देशिका, २०६९' र 'शिक्षा नियमावली, २०५९' बमोजिम शिक्षक र कर्मचारीको सेवा-सुविधा सुनिश्चित गर्नुपर्ने कानुनी बाध्यतालाई विद्यालयहरूले लत्याएको उपमहानगरको निष्कर्ष छ । अब पनि यो व्यवस्था कार्यान्वयन नगर्ने विद्यालयहरूको




अनुमति खारेजीसम्मको कारबाही प्रक्रिया अगाडि बढाइने चेतावनी पत्रमार्फत दिइएको छ।

प्रचलित शिक्षा नियमावलीको व्यवस्था स्मरण गराउँदै उपमहानगरपालिकाले निजी विद्यालयहरूले आफ्नो कुल खर्चको ६० प्रतिशत हिस्सा अनिवार्य रूपमा शिक्षक तथा कर्मचारीको तलब र वृत्तिविकासका लागि छुट्याउनुपर्ने निर्देशन समेत दिएका छ।

बाँकी रहेको ४० प्रतिशत रकममध्ये पनि ८ प्रतिशत अनिवार्य छात्रवृत्ति र १.५ प्रतिशत ग्रामीण शिक्षा विकास कोषमा जम्मा गरी बाँकी रहेको रकम मात्र विद्यालयको भौतिक पूर्वाधार तथा अन्य व्यवस्थापकीय आवश्यकता अनुसार खर्च गर्नुपर्ने भनेको छ।

नेपाल सरकारले परिमार्जन गरे अनुसार जीतपुरसिमरा क्षेत्रका निजी विद्यालयका शिक्षकहरूले तहगत रूपमा न्यूनतम परिमार्जित तलब प्राप्त गर्नुपर्ने कानुनी व्यवस्था गरिएको छ। जसअन्तर्गत अब माध्यमिक तह (मावि) का शिक्षकले मासिक ४८ हजार ५८ रुपैयाँ, निम्न माध्यमिक तह (निमावि) का शिक्षकले ३८ हजार २ सय ३ रुपैयाँ र प्राथमिक तह (प्रावि) का शिक्षकले ३६ हजार १ सय ९२ रुपैयाँ अनिवार्य रूपमा पाउनेछन् ।

उपमहानगरपालिकाले सो निर्देशनलाई तुरुन्त र अक्षरसः पालना गराउन तथा यसको आवश्यक सहजीकरण एवं कडा नियमनका लागि शिक्षा तथा मानव स्रोत विकास केन्द्र (सानोठिमी, भक्तपुर), शिक्षा विकास तथा समन्वय इकाई (कलैया, बारा) र सम्बन्धित विद्यालयका विद्यालय व्यवस्थापन समितिहरूलाई समेत बोधार्थ पठाएको छ।

# जनकपुरधामलाई हरित बनाउन वृक्षारोपण अभियान

**टुडे समाचारदाता**

जनकपुरधाम । जनकपुरधाम उपमहानगरपालिकालाई हरित, स्वच्छ र वातावरणमैत्री शहरका रूपमा विकास गर्ने लक्ष्यसहित वृक्षारोपण अभियान सुरु गरिएको छ।

उपमहानगरपालिकाद्वारा सञ्चालित सो अभियानको पहिलो चरणअन्तर्गत आइतबार नगरको प्रमुख सडक क्षेत्रमा वृक्षारोपण अभियान सञ्चालन गरिएको बताएका छन् । उनले अभियानलाई निरन्तरता दिँदै आगामी चरणमा जिल्ला प्रशासन कार्यालयदेखि जिल्ला अदालत हुँदै भैरव चोकसम्मको सडक क्षेत्रमा पनि वृक्षारोपण गरिने जानकारी दिएका छन् ।

उनका अनुसार हरियाली विस्तारले वातावरणीय सन्तुलन कायम गर्नुका साथै हावाको



ट्रीगार्डसहित दुई हजारभन्दा बढी बिरुवा रोपिएको छ।

उपमहानगरपालिकाका अनुसार थापा चोकदेखि मुजेलियासम्मको सडक खण्डमा विभिन्न प्रजातिका बिरुवा रोपिएको हो । रोपिएका बिरुवाको संरक्षण सुनिश्चित गर्न प्रत्येक बिरुवामा ट्रीगार्डसमेत जडान गरिएको छ।

मेयर मनोजकुमार साहले बढ्दो शहरीकरण, प्रदूषण र तापक्रम वृद्धिका चुनौतीलाई मध्यनजर गर्दै हरियाली विस्तारका लागि गुणस्तर सुधार, तापक्रम नियन्त्रण र नगरको सौन्दर्य अभिवृद्धिमा सकारात्मक प्रभाव पार्ने विश्वास गरिएको छ।

उपमहानगरपालिकाले सार्वजनिक स्थल, सडक किनारा तथा खाली सरकारी जग्गामा समेत वृक्षारोपण अभियानलाई क्रमिक रूपमा विस्तार गर्ने योजना बनाएको जनाएको छ । साथै, रोपिएका बिरुवाको नियमित हेरचाह र संरक्षणलाई पनि प्राथमिकतामा राखिने उपहानगरपालिकाले जनाएको छ।

# वनक्षेत्रबाट ११ घरटहरा हटाइयो

**टुडे समाचारदाता**

बारा । बाराको निजगढ नगरपालिका-२ सिंगौलस्थित वनदेवी सामुदायिक वन उपभोक्ता समूहअन्तर्गत अतिक्रमण गरिएको वन क्षेत्रको जग्गामा बनाइएको घरटहरा हटाइएको छ।

प्राप्त जानकारी अनुसार अतिक्रमित २१.००२४ हेक्टर (करिब ३१.५० बिघा) राष्ट्रिय वन क्षेत्र खाली गराउने अभियानअन्तर्गत शनिबार ११ वटा घरटहरा हटाइएको हो।

डिभिजन वन कार्यालय, बाराले जारी गरेको सातदिने सूचनाको म्याद सकिएको चार दिनपछि गत असार ८ गते अतिक्रमित क्षेत्रमा लगाइएको केराखेती हटाएको थियो । त्यसको निरन्तरतास्वरूप शनिबार एक्साभेटर प्रयोग गरी घरटहरा भत्काएर वन क्षेत्र पुनः खाली गराइएको हो । कार्यालयले २०८३ जेठ २९ गते अतिक्रमण हटाउन सार्वजनिक सूचना जारी गरेको थियो।

कारबाहीअघि प्रभावित परिवारलाई घरभित्र रहेका सामान तथा जस्तापाता, टायल, झ्याल, ढोकालगायतका सामग्री सुरक्षित स्थानमा सार्न समय दिइएको वन कार्यालयले जनाएको छ।

घरटहरा हटाइएका परिवारहरूले आफूहरू वन फँडानी गरेर नभई



विभिन्न व्यक्ति तथा विद्यालयमार्फत जग्गा खरिद गरी बसेको दाबी गरेका छन् । उनीहरूले खरिदसम्बन्धी लिखत आफूसँग रहेको बताउँदै आफूहरू भूमाफियाबाट ठगिएको र अहिले विस्थापित हुनुपरेको गुनासो गरेका छन्।

पीडितहरूले वन क्षेत्रको जग्गा बिक्री गर्ने व्यक्तिहरूको पहिचान गरी कानुनी कारबाही गर्न, आफूहरूले तिरेको रकम साँवा-ब्याजसहित फिर्ता गराउन तथा सुरक्षित र स्थायी आवासको व्यवस्था गर्न सरकारसँग माग गरेका छन्।

उनीहरूका अनुसार भूमाफियाले 'काठको घर बनाए वन कार्यालयले हटाउँछ, पक्की घर बनाए हटाउन सक्दैन' भन्दै उक्साएपछि कतिपयले जस्तापाताको छानासहित पक्की संरचना निर्माण गरेका थिए। तर वन कार्यालयले ती संरचना पनि हटाएपछि अधिकांश परिवार अहिले भाडा वा आफन्तको आश्रयमा बस्न बाध्य भएका छन्।

डिभिजन वन कार्यालयका अनुसार हालसम्म प्राप्त आठवटा लिखतका आधारमा वन क्षेत्रभित्रको १२ कट्ठा चार धुर जग्गा विभिन्न नाममा ३७ लाख ६८ हजार रुपैयाँमा बिक्री गरिएको खुलेको छ। यस घटनामा संलग्न भूमाफियामाथि थप अनुसन्धान र कानुनी कारबाहीको माग स्थानीयले गरेका छन्।

डिभिजन वन कार्यालय, बाराका वन अधिकृत तथा वन अतिक्रमण नियन्त्रण अधिकारी ललन राउतका अनुसार बारा जिल्ला अदालतले गत वर्ष वन ऐन, २०७६ को दफा ५०(३) तथा मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १३१ बमोजिम गरेको फैसला अनुसार अतिक्रमित वन क्षेत्रमा बनेका घरटहरा हटाइएको हो।

निजगढ सबडिभिजन वन कार्यालय भमराकी प्रमुख शर्मिला नेपालका अनुसार २१.००२४ हेक्टरमध्ये करिब १३.००२४ हेक्टर क्षेत्रमा गत वर्ष काँडेतार लगाई विभिन्न प्रजातिका बिरुवा रोपिसकिएको छ। यसपटक खाली गराइएको करिब आठ हेक्टर क्षेत्रमा काँडेतार लगाई जामुन, टीकलगायतका करिब आठ हजार बिरुवा रोप्ने योजना रहेको छ।

वन क्षेत्र आबादी गराएको आरोपमा यसअघि अख्तियार दुरुपयोग अनुसन्धान आयोग र राष्ट्रिय सतर्कता केन्द्रमा उजुरी परेको थियो । अनुसन्धानपछि डिभिजन वन कार्यालय, बाराले तत्कालीन वन उपभोक्ता समूहका अध्यक्ष सिद्धबहादुर थापासहित ५२ जनाविरुद्ध मिसिल तयार गरी सरकारी वकिलको कार्यालयमा बुझाएको थियो।

तीमध्ये ३५ जनाविरुद्ध अदालतमा मुद्दा दायर भएको थियो । अदालतले सिद्धबहादुर थापा, झलकबहादुर राई, पदमबहादुर भुजेल, सुशील थापा, जगतबहादुर दर्लामी र गंगामाया राउतलाई जनही ५० हजार रुपैयाँ तथा नरबहादुर क्षेत्री, मनकुमार थापा, श्यामबहादुर घिसिङलगायतलाई जनही ७५ हजार रुपैयाँका दरले गरी कुल पाँच लाख २५ हजार रुपैयाँ जरिवाना गरेको थियो। अन्य १६ जनाले भने सफाइ पाएका थिए।

डिभिजन वन कार्यालय, बाराका प्रमुख सुजितकुमार झाले अदालतको स्पष्ट आदेशअनुसार अतिक्रमित वन क्षेत्र खाली गराई वृक्षारोपणको काम अघि बढाइएको बताएका छन्। विभिन्न बहानामा आदेश कार्यान्वयनमा ढिलाइ गर्नु अदालतको आदेशको अवहेलना हुने भएकाले अभियानलाई निरन्तरता दिइएको उनको भनाई छ।

# जलवायु न्याय अभियान क्षमता अभिवृद्धि कार्यशाला सम्पन्न




**टुडे समाचारदाता**

जनकपुरधाम । जलवायु परिवर्तनले बढ्दो वातावरणीय जोखिम तथा त्यसबाट प्रभावित समुदायको अधिकार सुनिश्चितताका लागि जनकपुरधाममा 'जलवायु न्याय अभियान क्षमता अभिवृद्धि कार्यशाला' सम्पन्न भएको छ।

सो कार्यशालामा मधेश प्रदेशका आठ जिल्लाबाट आएका करिब ४५ जना युवा, सामाजिक अभियन्ता तथा जलवायु अभियन्ताहरू सहभागिता जनाएका छन् । सहभागीहरूले जलवायु परिवर्तनले निम्त्याएको चुनौती, जलवायु न्यायको अवधारणा, नीति निर्माणमा युवाको भूमिका तथा स्थानीय तहमा जलवायुमैत्री योजनाको आवश्यकता लगायतका विषयमा समूहगत छलफल गरेका थिए । कार्यक्रमका प्रमुख अतिथि जनकपुरधाम उपमहानगरपालिकाका उपमेयर किशोरी साहले जलवायु परिवर्तनको प्रभावबारे जनचेतना अझै पर्याप्त नभएको बताएका थिए। उनले भने, 'जनकपुरधाममा वातावरण संरक्षण र जलवायु परिवर्तनबारे जनचेतना अझै न्यून छ। यस्ता कार्यक्रमले नागरिकलाई सचेत बनाउन महत्वपूर्ण भूमिका खेल्छन् । अब यस्ता अभियान वडा-वडासम्म विस्तार गर्न आवश्यक छ।'

कार्यक्रममा ओरेक नेपाल मधेश प्रदेश संयोजक बिना सिंहले जलवायु परिवर्तनले विशेषगरी महिला तथा सीमान्तकृत समुदायको स्वास्थ्य, जीविकोपार्जन र दैनिकीमा पारेको असरबारे प्रकाश पारिन् । उनले जलवायु न्यायका नीति निर्माणमा महिलाको सहभागिता र दृष्टिकोणलाई प्राथमिकता दिनुपर्नेमा जोड दिएकी थिइन् ।

कार्यक्रमका संयोजक आभाष कर्णले जलवायु न्यायको अवधारणा, त्यसमा युवाको भूमिका तथा नेतृत्व विकासको आवश्यकतामाथि विस्तृत प्रस्तुति दिएका थिए । उनले जलवायु परिवर्तनका असर न्यूनीकरणका लागि युवाको सहभागिता अपरिहार्य रहेको उल्लेख गर्दै स्थानीय स्तरबाटै परिवर्तनको शुरुवात गर्नुपर्ने बताए।

कार्यशालामार्फत सहभागी युवाहरूले आफ्नो समुदायमा जलवायु न्यायसम्बन्धी सचेतना अभिवृद्धि गर्ने, स्थानीय तहसँग समन्वय गरी वातावरण संरक्षणका अभियान सञ्चालन गर्ने तथा दिगो विकासका लक्ष्य प्राप्तिमा सक्रिय भूमिका निर्वाह गर्ने प्रतिबद्धता व्यक्त गरेका छन्।

# पुनमको नेतृत्वमा थारु पत्रकार संघ

**टुडे समाचारदाता**

जनकपुरधाम । पत्रकार पुनम चौधरीको नेतृत्वमा थारु पत्रकार संघ पर्सा कार्यसमिति चयन गरिएको छ।

नवनिर्वाचित कार्यसमितिको उपाध्यक्षमा एन्जल चौधरी र पुरुष उपाध्यक्षमा रामकिशोर चौधरी चयन भएका छन् । त्यसैगरी सचिवमा अर्जुन चौधरी, सहसचिवमा अजय पञ्जियार तथा कोषाध्यक्षमा सञ्जय दास थारु चयन भएका छन्।

अधिवेशनको अध्यक्षता शम्भु महतो थारुले गरेका थिए भने प्रमुख अतिथिका रूपमा शान्तकुमार चौधरी सहभागी थिए। कार्यक्रममा विशिष्ट अतिथि सन्तोष दहित रहेका थिए। त्यसैगरी दुष्यन्त चौधरी, परमानन्द चौधरी, शेखर चौधरी, ओमप्रकाश चौधरीलगायत विभिन्न सञ्चारकर्मी, समाजसेवी तथा संघका सदस्यहरूको उल्लेखनीय




उपस्थिति रहेको थियो।

कार्यक्रममा वक्ताहरूले थारु समुदायका पत्रकारहरूको क्षमता अभिवृद्धि, पेशागत हकहितको संरक्षण, पत्रकारितामा थारु समुदायको सहभागिता विस्तार तथा समुदायका मुद्दालाई प्रभावकारी रूपमा सञ्चारमाध्यममार्फत उठाउन संघले सक्रिय भूमिका खेल्नुपर्नेमा जोड दिएका थिए।

नवनिर्वाचित अध्यक्ष पुनम चौधरीले आफूलाई दिएको जिम्मेवारीलाई इमान्दारीपूर्वक निर्वाह गर्दै संघलाई अझ सशक्त, सक्रिय र प्रभावकारी संगठनका रूपमा स्थापित गर्ने प्रतिबद्धता व्यक्त गरिन् । उनले पत्रकारहरूको पेशागत क्षमता विकास, एकता र सहकार्यलाई प्राथमिकतामा राखेर अघि बढ्ने बताएकी छिन्।

नयाँ कार्यसमितिले थारु पत्रकारहरूको हकहित संरक्षण, पेशागत विकास तथा संगठनलाई नयाँ उचाइमा पुऱ्याउने लक्ष्यसहित आगामी दिनमा प्रभावकारी कार्यक्रम सञ्चालन गर्ने प्रतिबद्धता जनाएको छ।

# दुई दिन भारी वर्षा

**टुडे समाचारदाता**

जनकपुरधाम। आगामी दुई दिनमा मनसुनी गतिविधि थप सक्रिय हुने भएको छ। जल तथा मौसम विज्ञान विभागअन्तर्गत मौसम पूर्वानुमान महाशाखाले आइतबार साँझ विशेष मनसुन बुलेटिन जारी गर्दै सो जानकारी दिएका छन् ।

महाशाखाको विशेष बुलेटिनमा १६ असार मंगलबार र १७ असार बुधबार कर्णाली बाहेक देशका मधेश सहित ६ वटै प्रदेशका विभिन्न क्षेत्रमा भारीदेखि धेरै भारी वर्षाको सम्भावना छ।

महाशाखाका अनुसार मधेश प्रदेशका साथै कोशी, बागमती, गण्डकी, लुम्बिनी र सुदूरपश्चिम प्रदेशका पहाडी तथा तराई भू-भागका थोरै स्थानमा मेघगर्जन र चट्याङ्गसहित भारी वर्षा हुने सम्भावना छ। ती प्रदेशका एक-दुई स्थानमा धेरै भारी वर्षासमेत हुन सक्ने पूर्वानुमान गरिएको छ।

वर्षाका कारण नदी तथा खोलामा पानीको सतह बढ्न सक्ने, शहरी तथा तराई क्षेत्रका होचा भागमा डुबान हुन सक्ने तथा पहाडी क्षेत्रमा पहिरोको जोखिम बढ्ने भएकाले आवश्यक सतर्कता अपनाउन महाशाखाले आग्रह गरेको छ।

यस्तै, मेघगर्जन र चट्याङ्गका घटनाबाट जनधनको क्षति हुन सक्ने भएकाले सुरक्षित स्थानमा बस्न तथा यात्रा गर्दा विशेष सावधानी अपनाउन पनि अनुरोध गरिएको छ।

महाशाखाले मौसमसम्बन्धी पछिल्लो जानकारी तथा अद्यावधिक पूर्वानुमान नियमित रूपमा हेरी आवश्यक सतर्कता अपनाउन सर्वसाधारण, स्थानीय तह तथा सम्बन्धित निकायलाई आग्रह गरेको छ।

# प्रधानमन्त्रीले सीमा बारे स्पष्ट पार्नुपर्ने माग

**टुडे समाचारदाता**

जनकपुरधाम । मुलुकको सीमा सम्बन्धमा प्रधानमन्त्री वालेन्द्र शाहले दिएको अभिव्यक्तिबारे प्रमुख प्रतिपक्षी नेपाली कांग्रेससहित विपक्षी दलहरूले सदनमै पुनः स्पष्ट पार्नुपर्ने माग गरेका छन् ।

प्रतिनिधि सभाको आइतबार बैठक सुरू हुने वित्तिकै विपक्षी दलका सांसदहरू आ-आफ्नो सिटबाट उठेर विरोध जनाए। विरोधमा उत्रिएपछि सभामुख डोलप्रसाद अर्यालले उनीहरूलाई आफ्ना धारणा राख्न समय दिए। बोल्ने क्रममा नेपाली कांग्रेसका रेनुका काउँचाले प्रधानमन्त्रीले संसद्मा स्पष्ट पार्नुपर्ने विषयहरु पार्टीको महाधिवेशनमा प्रस्तुत हुनुले सदनको गरिमा घटाएको आरोप लगाए।

नेपाल कम्युनिष्ट पार्टी (एमाले)का डा. पुष्पराज कँडेलले पनि प्रधानमन्त्री संसद्मा उपस्थित हुनुपर्नेमा जोड दिँदै सीमासम्बन्धी अभिव्यक्ति स्पष्ट पार्नुपर्ने बताए। उनले नेकपा (एमाले) का उपाध्यक्ष विष्णुप्रसाद पौडेललाई सरकारले पूर्वाग्रही भएर पक्राउ गरेको आरोप लगाए।

नेपाली कम्युनिष्ट पार्टीका सांसद युवराज दुलालले सङ्घीय लोकतान्त्रिक गणतन्त्रलाई सुदृढीकरण गर्नेतर्फ सरकारका प्रयास परिलक्षित हुनुपर्नेमा जोड दिए । उनले प्रदेशसभा खारेज गरी सङ्घीयताको पुनःसंरचना गर्ने सत्तारुढ राष्ट्रिय स्वतन्त्र पार्टीको प्रस्तावप्रति विमति जनाए।

श्रम संस्कृति पार्टीका आरेन राईले राष्ट्रियतासँग सम्बन्धित विषयमा प्रधानमन्त्रीले सदनमा उपस्थित भएर स्पष्ट पार्नुपर्ने माग गरे। बैठक जारी छ।

**जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.**द्वारा प्रकाशित **प्रधान सम्पादक** : बृजकुमार यादव, **ठेगाना** : जनकपुरधाम, **फोन नं.** ०४१-५९११०१, E-mail : jtodaynews@gmail.com, jtodayad@gmail.com, Website : www.ejanakpurtoday.com, **जि.प्र.का.ध.द.नं.** ९१/०५७/५८